# नेपाल गजेट

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १२] काठमाडौं, वैशाख २१ गते २०१६ साल [अतिरिक्ताङ्क १


श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालय

श्री ५ को सरकारले बनाएको तल लेखिए बमोजिमको नेपाल न्याय सेवा (श्रेणी विभाजन, भर्ना, सरुवा र प्रमोशन) नियमहरू, २०१६ सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

### नेपाल न्याय सेवा (श्रेणी विभाजन, भर्ना, सरुवा र प्रमोशन) नियमहरू, २०१६

नेपाल निजामती सेवा ऐन, २०१३ को दफा ७ र ८ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छः–

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम नेपाल न्याय सेवा (श्रेणी विभाजन भर्ना, सरुवा र प्रमोशन) नियमहरू, २०१६ रहेको छ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन्।

२. परिभाषाः– विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यी नियमहरूमाः–

(क) "सेवा" भन्नाले नेपाल न्याय सेवा सम्झनुपर्छ।

(ख) "श्रेणी" भन्नाले सेवाको श्रेणी सम्झनुपर्छ।

(ग) "अनुसूची" भन्नाले यी नियमहरूको अनुसूची सम्झनुपर्छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

३. सेवामा रहने श्रेणी र पद:– (१) सेवामा निम्नलिखित श्रेणीहरू रहने छन् रती श्रेणीहरूमा अनुसूची १ मा तोकिएका पदहरू रहने छन् :–

(१) "क" श्रेणी
(२) "ख" श्रेणी
(३) "ग" श्रेणी

(२) सेवाका विभिन्न श्रेणीहरूका अनुसूची १ मा उल्लिखित पदहरूको संख्या श्री ५ को सरकारले समय समयमा तोके बमोजिम हुनेछ।

(३) सेवाको "क" श्रेणीका पदहरू मध्ये नेपाल निजामती सेवा ऐन, २०१३ को दफा ८ (३) बमोजिमको वा श्री ५ को सरकारले तोकेको पदहरू "क" श्रेणीको विशिष्ट पद मानिने छ।

४. सिनियोरिटी:– (१) सेवाका प्रत्येक श्रेणीको अफिसरको सिनियोरिटीको नम्बर क्रम मिलाई श्रेणी पिच्छेको लिष्ट तयार गरिने छ।

(२) हरएक श्रेणीका अफिसरहरूको आपसमा सिनियोरिटी निजहरूले सो पदमा नियुक्ति पाएको क्रमले छुटचाई नेपाल न्याय सेवा (गठन) नियमहरू, २०१३ को नियम ६ बमोजिम पाएको वा पाउन सक्ने नम्बर अनुसार श्री ५ को सरकार-बाट निर्धारित हुनेछ।

(३) सिनियोरिटी निर्धारित गरी लिष्ट तयार गर्दा श्री ५ को सरकारले प्रत्येक अफिसरसंग निजहरूले पाउन सक्ने नम्बरको सम्बन्धमा सोधनी गर्नेछ र ती कर्मचारीले पाउनुपर्ने भनी लेखेको नम्बर घट्ने भएमा सो घटेको कारणसमेत खोली सूचना गर्नेछ। त्यसरी दिएको सूचना प्राप्त भएपछि ७ दिनभित्र सम्बन्धित अफिसरले आफ्नो उजूरी भए सो कुरा लेखी श्री ५ को सरकार छेउ पठाउन सक्ने छ। श्री ५ को सरकारले सर्वोच्च अदालतसंग परामर्श गरी अन्तिम निर्णय दिनेछ।

(४) सिनियोरिटीको लिष्ट, प्रत्येक साल थपिएका र घट्न गएका अफिसरको थप घट मिलाई तयार पारिने छ र त्यस्तो लिष्ट कानून मन्त्रालय र सर्वोच्च अदालतमा रहने छ।

५. रिक्त स्थानको पूर्ति:– सेवामा रिक्त स्थानको पूर्ति यी नियमहरू बमोजिम सरुवा, प्रमोशन वा नयाँ नियुक्तिबाट गरिने छ।

(२) सेवाको कुनै स्थान रिक्त हुन आएमा अदालत तर्फको हकमा सर्वोच्च अदालतले र कानून मन्त्रालय तर्फको हक्मा श्री ५ को सरकारका सचिव, कानून मन्त्रालयले रिक्त भएको थाहा भएको ७ दिनभित्र श्री ५ को सरकारमा सूचना गर्नेछ र त्यस स्थानको पूर्ति सरुवा, प्रमोशन वा नयाँ नियुक्ति कुनद्वारा गर्ने हो सो कुराको राय सम्बन्धित अधिकारीले सोही सूचनामा व्यक्त गर्नेछ।

2 आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) सेवामा हुन आएको रिक्त पदको पूर्ति सरुवा, प्रमोशन वा नयाँ नियुक्ति कुनद्वारा गर्ने भन्ने कुराको अन्तिम निर्णय श्री ५ को सरकारबाट हुनेछ।

(४) यी नियमहरू बमोजिम छानिएका व्यक्तिको अदालततर्फ नयाँ नियुक्ति वा प्रमोशन गर्दा श्री ५ को सरकारले सर्वोच्च अदालत र कानून मन्त्रालयतर्फ नयाँ नियुक्ति वा प्रमोशन गर्दा श्री ५ को सरकारको सचिव कानून मन्त्रालयसित सल्लाह लिई गर्नेछ।

(५) अदालततर्फको अफिसर कानून मन्त्रालयतर्फ सरुवा गर्दा कानन मन्त्रालयको सल्लाह लिई र कानून मन्त्रालयको अफिसर अदालततर्फ वा एक अदालतको अफिसर अर्को अदालतको समान श्रेणीको पदमा सरुवा गर्दा सर्वोच्च अदालतको सल्लाह लिई श्री ५ को सरकारले सरुवा गर्नेछ।

६. नयाँ नियुक्तिको व्यवस्थाः— (१) सरकारी सेवामा बहाल नरहेका व्यक्तिको नियुक्ति साधारणतः सेवाको "ग" श्रेणीमा मात्र गरिने छ।

तर सो बमोजिम नियुक्ति भएका व्यक्तिलाई अदालततर्फ पोष्टिङ्ग गर्नुपरेमा सो गर्नुभन्दा अगावै निजलाई ६ महीनासम्म समान स्तरका कुनै बहालवाला न्यायाधीशको साथमा राखी निजले कामको अध्ययन र अनुभव गर्ने व्यवस्था मिलाइने छ।

(२) नेपालको नागरिक र साधारणतः देहायमा लेखिएको योग्यता पुगेका नभई कुनै व्यक्ति सेवाको "ग" श्रेणीमा नियुक्त हुन योग्य मानिने छैनः—

(क) स्वीकृत विश्व विद्यालयबाट कानूनको डिग्री हासिल गरी कम से कम एक वर्षसम्म वकालत गरेको वा कानून वा न्याय सम्बन्धी कामको अनुभव प्राप्त गरेको, वा

(ख) स्वीकृत विश्व विद्यालयबाट कानूनको डिग्री हासिल नगरेको भए सर्वोच्च अदालतको प्लीडर वा सोभन्दा माथिल्लो स्तरको वकील भै कमसेकम ३ वर्ष वकालत गरेको, वा

(ग) नेपाल अधिराज्यको कुनै अड्डा अदालतमा कम-से-कम नन् गजेटेड दोश्रो श्रेणी वा सो सरह वा सोभन्दा माथिल्लो तहको कर्मचारी भई कम-से-कम ५ वर्षसम्म कानून वा न्याय सम्बन्धी कामको अनुभव प्राप्त गरेको।

७. प्रतियोगितात्मक परीक्षा र अन्तर्वार्ताः— (१) अदालत तर्फ सेवाको कुनै स्थान रिक्त हुन आएमा नयाँ नियुक्तिको लागि सर्वोच्च अदालतले प्रत्येक दुई-दुई वर्षमा कानून मन्त्रालयमा लेखी पठाउने छ र सर्वोच्च अदालतबाट त्यसरी लेखी आएपछि कानून मन्त्रालयले अदालततर्फको रिक्त स्थानको नयाँ नियुक्तिको लागि र कानून मन्त्रालयमा पनि सेवाको स्थान रिक्त हुन आएमा सो स्थानको नयाँ नियुक्तिको लागिसमेत लोकसेवाआयोगमा लेखी पठाउनुपर्छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (१) बमोजिम लेखी आएपछि सेवामा नयाँ नियुक्तिको लागि लोकसेवा आयोगले नियम ६ बमोजिमको योग्यता पुगेको र उम्मेदवार हुन चाहने

व्यक्तिहरूको प्रतियोगितात्मक परीक्षा र अन्तर्वार्ता लिई योग्य देखिएका व्यक्तिहरूको योग्यताको क्रमानुसार नामावली तयार गरी सिफारिशसाथ कानून मन्त्रालयमा पठाइ दिनेछ र कानून मन्त्रालयले सो नामावलीको एक प्रति सर्वोच्च अदालतमा पठाउने छ र सो नामावली अर्को नामावली तयार नभएसम्ममात्र कायम रहने छ।

तर सो कायमी नामावलीबाट नियुक्त गर्नलाई नपुग हुन आए सो दुई वर्षको अवधि अगावै पनि यस नियम बमोजिम प्रतियोगितात्मक परीक्षा र अन्तर्वार्ता हुन सक्ने छ।

८. प्रमोशनको व्यवस्थाः– (१) नेपाल न्याय सेवा वा नेपाल न्याय (नन् गजेटेड) सेवामा तत्काल बहाल नरहेको व्यक्ति सेवामा प्रमोशनको लागि योग्य भएको मानिने छैन।

(२) सर्वोच्च अदालत वा सो अन्तर्गतका अदालतहरूमा वा कानून मन्त्रालयको वा सो अन्तर्गतका अड्डाका बहाल रहेको र नन्गजेटेड प्रथम श्रेणीको कर्मचारी भई कमसेकम ४ वर्ष अटूट काम गरिसकेको नभई सेवाको (ग) श्रेणीको पदमा स्थायी प्रमोशन पाउन योग्य मानिनेछैन।

(३) साधारणतः सेवाको "ग" श्रेणीमा घटीमा ३ वर्ष काम गरेको नभई कुनै व्यक्ति सेवाको "ख" श्रेणीको पदमा स्थायी प्रमोशन पाउन योग्य भएको मानिनेछैन।

(४) साधारणतः सेवाको "ख" श्रेणीमा घटीमा २ वर्ष काम गरेको नभई कुनै पनि व्यक्ति सेवाको "क" श्रेणीको पदमा स्थायी प्रमोशन पाउन योग्य भएको मानिनेछैन।

९. प्रमोशन समितिः–(१) सेवाको अदालततर्फ र कानून मन्त्रालयतर्फ रहेको "क", "ख" र "ग" श्रेणीमा तथा पदमा प्रमोशनको लागि निम्नलिखित व्यक्तिको एक न्याय सेवा प्रमोशन समिति (यसपछि समिति भनिएको) को गठन यसै नियमद्वारा भएको छः–

(क) प्रधान न्यायाधीश वा प्रधान न्यायाधीशले तोकेको सर्वोच्च अदालतको न्यायाधीश ------- -- ----- ------ अध्यक्ष

(ख) लोकसेवा आयोगको अध्यक्ष वा अरू कुनै सदस्य--- सदस्य

(ग) श्री ५ को सरकारको सचिव, कानून मन्त्रालय--- सदस्य–सचिव

(२) उपनियम (१) बमोजिम गठित समितिले यी नियमहरूका अधीनमा रही आफ्नो कार्यविधि नियमित गर्न सक्नेछ।

१०. समितिले जांच्ने तरीकाः–(१) समितिले प्रमोशन निमित्त छान्दा कर्मचारीको सम्बन्धमा देहायका कुराको विचार गर्नेछः–

(क) आफिसियलिटी।

मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४

(ख) काम सम्बन्धी गोप्य रिपोर्ट ।

(ग) शैक्षिक योग्यता ।

(घ) जम्मा नोकरी वर्ष तथा कति वर्ष कुन कुन ठाउं र पदमा कामगरेको ।

(ङ) बीचमा नोकरी छुटेको भए किन र कति अवधिसम्म टूट भएको ।

(च) तीनवर्षभन्दा बढी नोकरी हुनेको ३ वर्षको र त्यति नोकरी नपुगेकाको नोकरीका अवधिभरको हाजिरी रेकर्ड ।

(छ) मुद्दा मामिला छिन्ने अफिसरको भए निजले गरेको पछिल्लो तीन वर्षको फैसला उल्टी वा सदर भएको रेकर्ड ।

(२) उपनियम (१) मा लेखिएका कुराले मात्र पर्याप्त नसम्झेमा समितिले सम्बन्धित कर्मचारीसंग अन्तर्वार्ता गरी निर्णय गर्न सक्नेछ ।

(३) उपनियम (१) मा उल्लेख गरिएका सबै कुरा उपर विचार गरी र उपनियम (२) बमोजिम अरू केही जांच्न परेमा सोसमेत जांची योग्यायोग्य छुट्याई समितिले प्रमोशनको लागि सिफारिशसाथ अदालततर्फको प्रमोशनको हकमा सर्वोच्च अदालत र कानून मन्त्रालयतर्फको प्रमोशनको हकमा श्री ५ को सरकारका सचिव, कानून मन्त्रालयका समक्ष पठाइदिनेछ ।

(४) सिनियोरिटीको क्रम नघाई प्रमोशनको क्रम निर्धारित गरेमा समितिले त्यसो गर्न परेको कारण लेखिराख्नेछ ।

११. <u>कर्मचारीको कर्तव्यः</u>–(१) नियम ८ बमोजिम प्रमोशनको निमित्त छानिन सक्ने योग्यता पुगेको प्रत्येक कर्मचारीले श्री ५ को सरकारले मांगेको बखत आफ्नु विवरण अनुसूची २ मा दिएको ढांचा फाराममा भरी अदालततर्फकाले सम्बन्धित अड्डा प्रमुख वा विभागीय प्रमुखका समक्ष र कानून मन्त्रालतर्फकाले श्री ५ को सरकारको सचिव कानून मन्त्रालयका समक्ष दाखिल गर्ने वा पठाउनु पर्छ ।

(२) उपनियम (१) बमोजिमको विवरण पेश नगर्ने कर्मचारीको सम्बन्धमा प्रमोशन सम्बन्धी विचार गर्न समिति बाध्य हुनेछैन ।

(३) उपनियम (१) बमोजिम प्राप्त विवरण सर्वोच्च अदालत वा श्री ५ को सरकारका सचिव, कानून मन्त्रालयले समिति बसेका बखत समितिमा पेश गर्नुपर्छ ।

(४) झुट्टा कुरा लेखी वा फरक पारी विवरण पेश गर्ने कर्मचारीले अनुशासन हीन काम गरेको मानिनेछ ।

१२. <u>अड्डा वा विभागीय प्रमुखको कर्तव्यः</u>–नियम ११ बमोजिम विवरण पेश हुन आएपछि सो विवरणमा लेखिएको कुरामा आफूले जानेसम्म कुरा सांचो झुठो के छ सो र अरू आफू कहां देखिएको यथार्थ कुरा खुलाई विवरणपत्र पेश गर्ने कर्मचारीको काम सम्बन्धी गोप्य रिपोर्टसमेत आफ्नो राय लेखी अदालततर्फको हकमा सम्बन्धित अदालतले सो विवरण

आफूकहां दाखिल भएको सातदिनभित्र आफ्नो अपील सुन्ने अदालतमा पठाउनुपर्छ र सो बमोजिम सो विवरण सर्वोच्च अदालतमा पुगेपछि सर्वोच्च अदालतले पनि त्यस कर्मचारी सम्बन्धी आफूकहां भएको कुरा लेखी राख्नुपर्छ र कानून मन्त्रालयतर्फको हकमा श्री ५ को सरकारको सचिव, कानून मन्त्रालयले विवरण जांची आफूले जानेको कुरा खुलाई काम सम्बन्धी गोप्य रिपोर्टसाथ राख्नेछ ।

१३. विवरण पेश नभएमा पनि प्रमोशन नरोकिने:—यी नियमहरू बमोजिम दाखिल हुनुपर्ने सबै विवरण म्यादभित्र दाखिल नभए पनि प्राप्त विवरणबाट प्रमोशन निमित्त उम्मेदवार छान्न रोकिने छैन ।

१४. सिफारिश गर्ने:—(१) रिक्तस्थानको पूर्ति नयां नियुक्तिद्वारा गर्ने निर्णय भएमा श्री ५ को सरकारले अदालततर्फको नियुक्ति भए नियम ७ को उपनियम (२) बमोजिम तयार गरिएको नामावलीबाट योग्यता क्रमानुसारका चाहिने जति व्यक्तिहरूका नाम सिफारिशसहित पठाउन सर्वोच्च अदालतलाई लेखिपठाउनेछ र त्यसरी लिखित सूचना पाएपछि सर्वोच्च अदालतले सो सूचना बमोजिम त्यस्ता व्यक्तिहरूको नाम सिफारिशसहित श्री ५ को सरकार छेउ पठाउनुपर्छ । कानून मन्त्रालयतर्फको नियुक्ति भए नियुक्ति गर्नुभन्दा अगावै श्री ५ को सरकारले कानून मन्त्रालयसित परामर्श गर्न सक्नेछ ।

(२) रिक्तस्थानको पूर्ति प्रमोशनद्वारा गर्ने निर्णय भएको रहेछ र सो रिक्तस्थान अदालततर्फको रहेछ भने नियम १० बमोजिम प्रमोशन पाउनुपर्ने ठहरेका व्यक्तिहरूको नाम आफ्नो रायसहित सर्वोच्च अदालतले श्री ५ को सरकारका समक्ष पठाइदिनेछ ।

(३) रिक्त स्थानको पूर्ति प्रमोशनद्वारा गर्ने निर्णय भएको रहेछ र सो रिक्तस्थान कानून मन्त्रालयतर्फको रहेछ भने समितिका सचिवले नियम १० बमोजिम प्रमोशन पाउनुपर्ने ठहरेका व्यक्तिहरूको नाम आफ्नो रायसाथ श्री ५ को सरकारका समक्ष पठाइदिनेछ र त्यसरी प्रमोशन भएमा श्री ५ को सरकारले त्यसको सूचना सर्वोच्च अदालतलाई दिनेछ ।

(४) यो नियम बमोजिम नाम पेश गर्दा नियम १० को उपनियम (४) बमोजिम भएको भए त्यस सम्बन्धमा लेखिराखेको कारण पनि लेखी पठाउनुपर्छ ।

१५. सचिवको सम्बन्धमा विशेष अधिकार:—माथिका नियमहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारको सचिव कानून मन्त्रालयको पद रिक्त भएमा सो रिक्त पदमा श्री ५ को अधिकारले त्यस मुद्दाको लागि योग्य सम्झेको व्यक्ति भर्ना गर्न सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६८

तर सो पदमा नयां नियुक्ति हुन सक्नेछैन र सेवाबाटै मेरिटको आधारमा प्रमोशन दिइनेछ ।

१६. परीक्षण कालमा रहने:–यी नियमहरू बमोजिम नयां नियुक्ति भएका व्यक्तिलाई श्री ५ को सरकारले एक वर्षसम्मको परीक्षण कालमा राख्न सक्नेछ ।

१७. यो नियम लागू नहुने:–यी नियमहरूको कुरा सरकारी वकीलहरूको सम्बन्धमा लागू हुनेछैन ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ८

## अनुसूची--१

### नियम ३ संग सम्बन्धित

| "क" श्रेणी | "ख" श्रेणी | "ग" श्रेणी |
|---|---|---|
| १. श्री ५ को सरकारको सचिव कानून मन्त्रालय | १. जिल्ला न्यायाधीश | १. इलाका न्यायाधीश, |
| २. श्री ५ को सरकारको सह-सचिव, कानून मन्त्रालय | २. श्री ५ को सरकारका उपसचिव, कानून मन्त्रालय | २. सेक्शन अफिसर, कानून मन्त्रालय |
| ३. रजिष्ट्रार, सर्वोच्च अदालत | | ३. असिष्टेंट रजिष्ट्रार, सर्वोच्च अदालत |
| | | ४. एडिटर, नेपाल कानून पत्रिका |
| | | ५. शाखा अफिसर, सर्वोच्च अदालत |

## अनुसूची--२

### नियम ११ संग सम्बन्धित

१. नोकरी गरेको जम्मा वर्ष---

२. विभिन्न अफिस वा अड्डा अदालतमा बहाल रही कुन हैसियतले काम गरेको त्यसको विवरण ---

३. योग्यता--

४. हाल कुन पदमा बहाल रहेको--

५. उमेर--

६. उम्मेदवारले लेख्नचाहेको अरू कुनै कुराको विवरणः-

कर्मचारीको सही...

मितिः...

अड्डा वा विभागको नाउं..

आज्ञाले-

प्रद्युम्नलाल राजभण्डारी

श्री ५ को सरकारको सचिव,

कानून तथा न्याय मन्त्रालय।

गोरखापत्र छापाखानामा मुद्रित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार